## केहि महत्वपूर्ण आयोजनाहरु

### १.बसन्तपुर जग्गा एकीकरण आयोजना

बसन्तपुर जग्गा एकीकरण आयोजना लालीगुराँस नगरपालिका वडा नं. १ (साविक साब्रा ९) डोप्किले स्थित पूर्वमा मध्य पहाडी लोकमार्ग र पश्चिममा कोशी राजमार्गको बिचमा रहेको छ । यसको जम्मा क्षेत्रफल ४३४ रोपनीमा १४१ वटा कित्ता रहेको छ । जसमा जग्गा एकीकरण गर्दा कुल १८ वटा ब्लकहरू रहेको, २९ रोपनी Sales Plot, ७६ रोपनी बुट्यान, ९ मी. चौडाइ भएको भूमिगत कोरिडोर सहित ३.३ कि.मी भित्री सडक, १८ मी. चौडाइ भएको ३१ रोपनी खोल्सी, १७ रोपनी खुला क्षेत्र, १ रोपनी चिहान र २४१ रोपनी सम्बन्धित जग्गा धनीहरूलाई विकसित घडेरीको रूपमा फिर्ता गरिनेछ ।

विगत लामो समयदेखि यस आयोजनाको लागि बजेट विनियोजित भएर आएपनि केहि समस्या तथा विवादहरु भएका कारण केहि भौतिक प्रगती नभएकोमा आ.व. २०८०/८१ मा विभिन्न समस्या तथा विवादहरु साझा प्रयासले समाधन गरी प्रथम चरणको निर्माण कार्य सम्पन्न गरियो । आ.व. २०८१/०८२ दोस्रो चरणमा सम्पूर्ण सडकको Track Open गर्ने र त्यसभित्र ११ वटा Slab Culvert निर्माण गर्ने ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको छ ।

जग्गा एकीकरणको लागि Block Plan स्वीकृत पछि Re-adjustment Plan तयार गरी उपभोक्ता समिति र नगर विकास समितिबाट स्वीकृत भई जग्गा प्राप्ति गर्ने मन्त्री परिषद्को निर्णय पश्चात जग्गा प्राप्ति ऐन अनुसार जिल्ला प्रशासनबाट जग्गा प्राप्ति सम्बन्धी सूचना प्रकाशन गरी श्रेस्ता उतारको काम भई एकीकरणको लागि मालपोत कार्यालय र नापी कार्यलयमा काम भइरहेको छ । आगामी दिनमा जग्गा एकीकरण गरी अस्थायी धनीपुर्जा वितरण गरिने, भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिसके पश्चात स्थायी धनीपुर्जा सहित जग्गा फिर्ता गरिनेछ ।



बसन्तपुर जग्गा एकीकरण आयोजनाको प्रारूप (3D Image)

**२. चो?लुङ पार्क:**

लालीगुराँस नगरपलिकाको बसन्तपुर बजारको हाताभित्र रहेको चो?लुङ पार्कमा यस तेह्रथुम जिल्लाको बाहुल्यताको रूपमा रहेको लिम्बु जातिहरूको ऐतिहासिक, साँस्कृतिक पार्कको रूपमा पूर्वाधार निर्माण गरी पूर्वको अति रमणीय र पर्यटकीय पार्कको रुपमा खडा गरियो । यस पार्क विश्वको १०० वटा घुम्नै पर्ने स्थलहरु मध्ये चो?लुङ पार्क पनि पर्न सफल भएको छ ।



चो?लुङ पार्क

**३. राष्ट्रिय लालीगुराँस पार्क:**

गुराँसको राजधानी तेह्रथुम जिल्लाको, लालीगुराँस नगरपालिका अन्तर्गत तिनजुरे, R.R Garden, पाँचपोखरी क्षेत्रमा २८ प्रजातिको गुराँस फुल्ने हुँदा अझ बढी गुराँसलाई संरक्षण गरी पर्यटकलाई मनमोहित पारी पर्यटक भित्र्याउन थप निर्माण कार्यको पूर्वाधार गर्न DPR भई रहेको छ । तिनजुरेमा, Children Park, Picnik Shed, Camp fire, राई खम्बु पार्क, सार्वजनिक शौचालय, बसपार्क, पाथिभरा मन्दिर परिसर सुधारका साथै अन्य पूर्वाधार निर्माण भएको छ । यस क्षेत्र पर्यटीय संभाव्यता बोकेको हुनाले थप लगानी गर्न आवश्यक देखिन्छ ।




मिति २०८१/०९/०२ मा माननीय सीता गुरूङ (पूर्व शहरी विकास मन्त्री) ज्यूबाट तिनजुरे क्षेत्र आर.आर. गार्डेन परिसरको उद्घाटन

**४. पिंगुवा खोला हात्तीआल खानेपानी योजना:**

लालीगुराँस नगरपालिकाको वडा नं. ८ र ९ को स्थानीयबासीहरूको माग र आवश्यकतालाई मध्यनजर गरी पिंगुवा खोला हात्तीआल खानेपानी योजना आ.व. २०७८/०७९ मा बजेट विनियोजित भई ठेक्का प्रक्रियाबाट निर्माण कार्य आ.व. २०८१/०८२ मा सम्पन्न गरी वडा नं. ८ र ९ को २६५ घरधुरीलाई खानेपानी उपभोग गर्न सहज भइरहेको छ ।

**५. बसन्तपुर नयाँ शहर र नगरपालिकाको एकीकृत भवन:**

लालीगुराँस नगरपालिकाको पुरानो भएको र बसन्तपुर नयाँ शहर आयोजना कार्यालय आफ्नो भवन नभएको कारण सबै शाखाहरु संचालन गर्न, सेवाग्रहीहरुलाई सेवा लिन र दिन असहज भएको थियो । आ.व. २०८०/०८१ को बजेट विनियोजितबाट बसन्तपुर नयाँ शहर र नगरपालिकाको एकीकृत भवन अपाङ्ग मैत्री, वातावरण मैत्री साथै स्थानीय मौलिकता झल्कने गरी भवनको निर्माण कार्य भइरहेको छ । यस भवन निर्माण भए पश्चात सेवाग्राहीहरुले सम्पूर्ण सेवा सुविधा सहज रुपमा लिन पाउनेछन् । हाल उक्त भवनको स्ट्रक्चरको

कार्य सम्पन्न भई फिनिसिङको कामहरू भइरहेको छ । सो भवनबाट आगामी आ.व. बाट सेवा सुचारू हुने गरी कार्य भइरहेको छ ।




बसन्तपुर नयाँ शहर र नगरपालिकाको एकीकृत भवन प्रारूप (3D Image)